बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८३/८४

च.नं.: ३२४

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति : २०८३/०६/०२

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै !

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

तपसिल :

मिति : २०८३/०६/०६ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको १०:०० बजे

.....................................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८३/०६/०६ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. विविध विषयका सम्बन्धमा ।

गाउँपालिका
कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८३/०६/०६ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश ओझा** ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति :</u>

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | Deumaya | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | सोमा | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री राकेश कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०६/०६ गतेको चौथो बैठकका निर्णयहरु :

<u>निर्णय नं.१ :</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाका सम्बन्धमा बैठकमा समीक्षा गरियो। समीक्षा गर्दा पूर्व बैठकका निर्णयहरू अपेक्षित रूपमा कार्यान्वयन नभएको तथा समग्रमा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको पाइयो। अतः निर्णयहरूको प्रभावकारी तथा समयमै कार्यान्वयन गर्न सम्बन्धित शाखा, इकाई तथा जिम्मेवार पदाधिकारीलाई आवश्यक समन्वय र पहल गरी बाँकी रहेका निर्णयहरू प्राथमिकताका साथ कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो।

<u>निर्णय नं.२ :</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- गाउँपालिकाभित्र सुरक्षित आवासको अभावमा रहेका विपन्न, असहाय, जोखिमयुक्त अवस्थामा रहेका तथा आवासविहीन नागरिकलाई सुरक्षित आवासको व्यवस्था गर्ने उद्देश्यले **"पालिका सुरक्षा आवास कार्यक्रम"** सञ्चालन गर्ने सम्बन्धमा छलफल गरियो । छलफल पश्चात् गाउँपालिकाबाट पालिका सुरक्षा आवास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्यविधि तयार गरी स्वीकृत गरी लागू गर्ने निर्णय गरियो । स्वीकृत कार्यविधिमा तोकिएका मापदण्डका आधारमा लाभग्राही छनोट गरी आवास निर्माण, छाना व्यवस्थापन, मर्मतसम्भार वा सुरक्षित आवास व्यवस्थापनका लागि प्रति घर/व्यक्तिलाई आवश्यकता र अवस्थाको आधारमा न्यूनतम रु. २०,०००।— देखि अधिकतम रु. ५०,०००।— सम्म आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । कार्यक्रममा भूमिहीन, आवासविहीन तथा जोखिमयुक्त अवस्थामा रहेका नागरिकलाई समेत समेट्ने गरी आवश्यक मापदण्ड निर्धारण गर्ने र लाभग्राही छनोट गर्दा आर्थिक अवस्था, आवासको अवस्था, जोखिमको स्तर तथा स्थानीय आवश्यकतालाई आधार बनाउने निर्णय गरियो। कार्यक्रम कार्यान्वयनका लागि प्रत्येक वडाबाट विवरण माग गरी स्वीकृत कार्यविधि तथा प्रचलित कानून बमोजिम कार्य अगाडि बढाउन सम्बन्धित शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको बालअधिकार समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०६/०६ गतेको चौथो बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिका वडा नं. २ स्थित डेढगाउँ माध्यमिक विद्यालयको स्वामित्वमा रहेको जग्गामा बसोबास गर्दै आएका व्यक्तिहरूलाई विद्यालयको जग्गा खाली गराई शैक्षिक प्रयोजनमा सहज रूपमा उपयोग गर्न आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा छलफल गरियो । छलफलका क्रममा विद्यालयको जग्गामा बसोबास गरिरहेका परिवारहरूलाई मानवीय तथा सामाजिक पक्षलाई समेत ध्यानमा राखी वैकल्पिक व्यवस्था सहित छानो उपलब्ध गराई सुरक्षित स्थानमा स्थानान्तरण (विस्थापन) गर्ने व्यवस्था मिलाउने निर्णय गरियो। यसका लागि सम्बन्धित परिवारको विवरण संकलन, स्थलगत निरीक्षण तथा आवश्यक लागत अनुमान तयार गरी प्रचलित कानून तथा गाउँपालिकाको स्वीकृत कार्यक्रम/बजेटको सीमाभित्र रही आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकामा लेखा अधिकृत पदमा कार्यरत श्री विनोद अर्यालको स्वास्थ्यमा समस्या उत्पन्न भई चिकित्सकको सल्लाह बमोजिम मिति २०८३/०२/०४ गतेदेखि बिरामी बिदामा रहनुभएको र निजले मिति २०८३/०५/२४ गतेको पत्रमार्फत मिति २०८३/०६/२६ गतेसम्म थप बिरामी बिदा माग गर्नुभएको व्यहोरा बैठकमा जानकारी गराइयो। निज लामो समयदेखि बिरामी बिदामा रहनुभएको कारण गाउँपालिकाको नियमित आर्थिक तथा प्रशासनिक कामकाज, सेवा प्रवाह एवं कार्यालयको कार्यसम्पादनमा प्रभाव पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको बैंक खाता सञ्चालनमा निरन्तरता कायम गर्न आवश्यक देखिएकोले प्रमुख प्रशासकीय अधिकृत श्री राकेश कुमार चौधरी र सहायक लेखा अधिकृत श्री लाल चन्न गैह्रेको संयुक्त दस्तखतबाट गाउँपालिकाको बैंक खाता सञ्चालन हुने व्यवस्था मिलाउन कोष तथा लेखा नियन्त्रक कार्यालय, नवलपरासी (ब.सु.पू.) मा आवश्यक पत्राचार गर्ने निर्णय गरियो।

- बौदीकाली-४, रुचाङ्गको प.सं. २०८३/०८४ च.नं. १११ मिति २०८३/०६/०६ गतेको पत्र प्राप्त भई व्यहोरा जानकारी भयो । ४ नं. वडा कार्यालयमा निर्माणधीन खानेपानी ट्यांकी देखि वडा कार्यालयको धारासम्म खानेपानीको पाइप विस्तार गर्नका लागि २५ mm को ३०० मिटर, २० mmको २०० मिटर र ३२ mmको २०० मिटर पाइप आवश्यक भएको भनी निवेदन प्राप्त भएको हुँदा निःशुल्क रुपमा पाइप उपलब्ध गराउन सम्बन्धित शाखालाई आवश्यक प्रक्रिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०६/०६ गतेको चौथो बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत स्थानीय उत्पादन तथा स्थानीय पहिचानलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय उत्पादनबाट निर्मित मायाको चिनो व्यवस्थापन गर्ने सम्बन्धमा छलफल गरियो । छलफल पश्चात् बौदीकाली गाउँपालिकाको स्थानीय मौलिकता, कला, संस्कृति, कृषि तथा स्थानीय उत्पादनलाई समेटी स्थानीय उत्पादनमा आधारित मायाको चिनो छनोट, उत्पादन तथा व्यवस्थापन गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो । यसका लागि स्थानीय उत्पादक, उद्यमी, महिला समूह, सहकारी तथा सम्बन्धित सरोकारवालासँग आवश्यक समन्वय गरी गुणस्तरीय तथा आकर्षक मायाको चिनो तयार/व्यवस्थापन गर्ने र गाउँपालिकामा आयोजना हुने विभिन्न कार्यक्रम, समारोह तथा अतिथि सत्कारका अवसरमा प्रयोग गर्ने व्यवस्था मिलाउन सम्बन्धित शाखालाई आवश्यक प्रक्रिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालन हुने **"उज्यालो बौदीकाली अभियान"** का लागि आवश्यक सर्भिस केबल, मिटर बक्स लगायतका विद्युतीय सामग्री व्यवस्थापन गर्ने सम्बन्धमा छलफल गरियो। छलफल पश्चात् उक्त अभियान प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक सर्भिस केबल, मिटर बक्स तथा अन्य आवश्यक विद्युतीय सामग्री उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो। कार्यक्रमबाट लाभान्वित हुने घरधुरी/व्यक्तिहरूको विवरण तथा आवश्यकताको सम्बन्धमा गाउँपालिकाबाट सूचना प्रकाशन/प्रसारण गरी आवेदन तथा माग संकलन गर्ने र सम्बन्धित वडा कार्यालयमार्फत लाभग्राहीको विवरण तथा आवश्यक सामाग्रीको प्रमाणीकरण गराई कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो। साथै वडा कार्यालयबाट प्रमाणित भई प्राप्त भएको विवरणका आधारमा स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रही आवश्यक विद्युतीय सामग्री व्यवस्थापन गरी "उज्यालो बौदीकाली अभियान" कार्यान्वयन गर्न सम्बन्धित शाखालाई आवश्यक प्रक्रिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान, नवलपरासी (ब.सु.पू.) सँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा छलफल हुँदा उक्त कार्यक्रम सञ्चालनका लागि स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही प्रचलित कानून, स्वीकृत कार्यक्रम, लागत अनुमान तथा साझेदारी सम्बन्धी सम्झौता बमोजिम आवश्यक बजेट नियमानुसार निकासा गर्ने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०६/०६ गतेको चौथो बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत अति विपन्न तथा आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी शैक्षिक सहयोग उपलब्ध गराउने सम्बन्धमा छलफल गरियो । छलफल पश्चात् कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न गाउँपालिकाको शिक्षा शाखामार्फत गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत अति विपन्न विद्यार्थीहरूको विवरण सकलन गर्ने निर्णय गरियो । सम्बन्धित विद्यालय तथा वडा कार्यालयसँग आवश्यक समन्वय गरी विद्यार्थीको पारिवारिक तथा आर्थिक अवस्था समेतलाई आधार बनाई लाभग्राही विद्यार्थीको विवरण तयार गर्ने निर्णय गरियो । संकलित तथा प्रमाणित विवरणका आधारमा स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही अति विपन्न विद्यार्थीहरूलाई विद्यालय पोशाक (ड्रेस), झोला, जुत्ता तथा आवश्यकताअनुसार अन्य शैक्षिक सामग्री व्यवस्थापन गरी वितरण गर्ने निर्णय गरियो। साथै लाभग्राही विद्यार्थी छनौट तथा सामग्री वितरणमा पारदर्शिता र दोहोरोपन नहुने व्यवस्था मिलाई प्रचलित कानून तथा स्वीकृत कार्यक्रम बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउन शिक्षा शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिकाभित्रका टोल तथा बस्तीका सडकहरूमा सडक बत्ती जडान गरी सुरक्षित, उज्यालो तथा व्यवस्थित आवागमनको व्यवस्था गर्ने उद्देश्यले **"टोल बस्ती सडक बिजुली कार्यक्रम"** सञ्चालन गर्ने सम्बन्धमा छलफल गरियो । छलफल पश्चात् उक्त कार्यक्रम कार्यान्वयनका लागि वडा कार्यालयहरूबाट सडक बत्ती जडान गर्नुपर्ने सडक तथा स्थानहरूको विवरण माग गर्ने निर्णय गरियो । वडा कार्यालयबाट प्राप्त विवरणका आधारमा आवश्यकता, प्राथमिकता तथा प्राविधिक सम्भाव्यताको मूल्याङ्कन गरी स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही छनोट भएका सडक तथा स्थानहरूमा आवश्यक सडक बत्ती जडान गर्ने निर्णय गरियो । साथै सडक बत्ती जडानका लागि आवश्यक सामग्री, प्राविधिक लागत अनुमान तथा कार्ययोजना तयार गरी प्रचलित कानून तथा स्वीकृत कार्यक्रम बमोजिम कार्यान्वयन गर्न सम्बन्धित शाखालाई आवश्यक प्रक्रिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको बाल क्लब तथा बाल संजाल (गठन तथा संचालन) सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०६/०६ गतेको चौथो बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाको प्रशासकीय भवनको प्राङ्गणको आवश्यक मर्मत तथा सुधार गरी कार्यालय परिसरलाई व्यवस्थित, सुरक्षित र सेवाग्राहीमैत्री बनाउन तथा कम्पाउण्ड वाल निर्माण गर्नुपर्ने देखिएकोले उक्त कार्य "मर्मत सम्भार कोष" शीर्षकबाट खर्च व्यहोर्ने गरी लागत अनुमान तयार गरी प्रचलित कानून बमोजिम मर्मत तथा निर्माण कार्य सञ्चालन गर्ने निर्णय गरियो। उक्त कार्यको लागत अनुमान अनुसारको रकम "मर्मत सम्भार कोष" शीर्षकबाट नियमानुसार भुक्तानी गर्ने तथा कार्य सम्पन्न भएपछि प्राविधिक प्रतिवेदन, बिल भरपाई लगायतका आवश्यक कागजातका आधारमा नियमानुसार फछ्र्यौट गर्ने निर्णय गरियो।